**आकाशवाणी समाचार- नेपाली**

मितिः २१ अगष्ट २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. विदेशमन्त्री एस जयशंकरले भारत र रुसबीचको द्विपक्षीय व्यापार विगत चार वर्षमा पाँच गुणाभन्दा अधिकले वृद्धि भएको बताउनु भएको छ।

२. रेलमन्त्री अश्विनी वैष्णवले दीपावली र छठ पर्वको अवसरमा १२ हजार विशेष रेल चलाउने घोषणा गर्नुभएको छ।

३. भारत र युरेशियन आर्थिक संघ -EAEU ले स्वतन्त्र व्यापार सम्झौतामा वार्ता सुरु गर्न सन्दर्भ सर्तहरूमा हस्ताक्षर गरेका छन्।

४. मौसम विज्ञान विभागले गुजरातमा भारी वर्षाका लागि रेड अलर्टको चेतावनी जारी गरेको छ।

५. हॉकी इंडियाले एसिया कपका लागि 18 सदस्यीय भारतीय पुरुष हक्की टिमको घोषणा भएको छ।

**जयशंकर-आईआरआईजीसी**

विदेशमन्त्री एस जयशंकरले भारत र रुसबीचको द्विपक्षीय व्यापार विगत चार वर्षमा पाँच गुणाभन्दा अधिकले वृद्धि भएको बताउनु भएको छ। जुन २०२१ मा १३ अर्ब डलर रहेको २०२४–२५ मा बढेर ६८ अर्ब डलर पुगेको छ।

बाइट

**जयशंकर-लवारोव बैठक**

विदेशमन्त्री एस जयशंकर र रुसी विदेश मंत्री सर्वेइ लवारोव बीच मस्कोमा भेटवार्ता हुने भएको छ। यसले दुई देशबीचको विशेष रणनीतिक साझेदारीलाई मजबुत बनाउने लक्ष्य राखेको छ । यस बातचीतमा द्विपक्षीय, क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूमा छलफल हुने सम्भावना छ। यसले आर्थिक र बहुध्रुवीय सहकार्यमा ध्यान केन्द्रित गर्नेछ। परिवहन, लॉजिस्टिक्स र वित्तीय विकास दुई नेताबीच छलफलको केन्द्रबिन्दु हुनेछ। दुवै मन्त्रीले कृषि, वैज्ञानिक–प्राविधिक र पूर्वाधारका क्षेत्रमा भएका सहकार्यको प्रगतिको समीक्षा गर्ने अपेक्षा गरिएको छ । यसका साथमा आगामी उच्चस्तरीय बैठकको कार्यतालिकाबारे पनि छलफल हुने सम्भावना छ । जयशंकर र लवारोवले एशिया–प्रशान्त क्षेत्रमा विकसित सुरक्षा संरचना, युक्रेनको संघर्ष, अफगानिस्तानको अवस्था र प्यालेस्टाइन–इजरायल संघर्षलगायत थुप्रै अन्तर्राष्ट्रिय घटनाक्रमका बारेमा पनि छलफल गर्ने अपेक्षा गरिएको छ । संयुक्त राष्ट्रसंघ, ब्रिक्स, एससीओ र जी–२० लगायत द्विपक्षीय तथा बहुपक्षीय मञ्चमा राजनीतिक संलग्नतालाई महत्व दिन दुवै देशले प्रयास गरिरहेका बेला यो बैठक हुन लागेको हो। यो बैठकलाई दुई देशबीचको सम्बन्ध लाई प्रगाढ बनाउने र तीव्र गतिमा बदलिँदो भू–राजनीतिक परिदृष्यमा सहयोग गर्ने प्रयासको रुपमा हेरिएको छ । यसैबीच रुसले भारतलाई एक वैश्विक शक्तिको रूपमा प्रशंसा गरेको छ र यसलाई विविध विदेश नीतिको साथ बढ्दो आर्थिक शक्तिको रूपमा वर्णन गरेको छ। भारतका लागि रुसी राजदूत रोमन बाबुश्किनले नयाँ दिल्लीमा आयोजित पत्रकार सम्मेलनमा दुई देशबीच पारस्परिक हित रहेको र उनीहरूले निरन्तर सहकार्यका उपायहरू खोजी गरिरहेको बताउनुभयो । उहाँले भारत र रुसबीचको सम्बन्ध निरन्तर मजबुत हुँदै गएको बताउनु भयो । बाबुशकिरणले युक्रेनको अवस्थाबारे दुई देशका राष्ट्रप्रमुख र सरकार प्रमुखबीच टेलिफोनमा दुई पटक कुराकानी भएको पनि उल्लेख गरे।

**अश्विनी वैष्णव-विशेष रेल**

रेलमन्त्री अश्विनी वैष्णवले दीपावली र छठ पर्वको अवसरमा १२ हजार विशेष रेल चलाउने घोषणा गर्नुभएको छ। राष्ट्रिय लोकतान्त्रिक गठबन्धन-एनडीएका बिहार नेताहरूसँगको छलफलपछि उहाँले यो घोषणा गर्नुभएको हो। श्री वैष्णवले रेल मन्त्रालयले नयाँ रेलहरू मात्र चलाएको छैन तर धेरै अन्य योजनाहरू र पूर्वाधार परियोजनाहरूमा पनि काम गरेको बताउनुभयो। रेलमन्त्रीले भन्नुभयो- सामान्य वर्गका यात्रीहरूको सुविधाका लागि दिल्ली-गया, सहरसा-अमृतसर, छपरा-दिल्ली र मुजफ्फरपुर-हैदराबादका लागि चार नयाँ अमृत भारत रेलहरू सुरु गरिनेछ।दिल्लीमा, बिहारका एनडीए नेताहरूले दीपावली र छठ पर्वको लागि रेल व्यवस्थाको समीक्षा गर्न रेलमन्त्री अश्विनी वैष्णवलाई भेटे।श्री वैष्णवले यो पनि जानकारी दिनुभयो- १३ देखि २६ अक्टोबरसम्म यात्रा गर्ने र १७ नोभेम्बरदेखि १ डिसेम्बरसम्म फर्कने यात्रीहरूले नयाँ पाइलट योजना अन्तर्गत पुष्टि टिकटका साथै फिर्ता भाडामा २० प्रतिशत छुट पाउनेछन

**यूआईडीएआई-स्टारलिंक**

भारतीय विशिष्ट पहचान प्राधिकरण (यूआईडीएआई) ले आधार-आधारित ग्राहक प्रमाणीकरणका लागि निजी स्याटेलाइटमा आधारित इन्टरनेट सेवा प्रदायक स्टारलिंकसँग सम्झौता गरेको छ। इलेक्ट्रोनिक्स र सूचना प्रविधि मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ, 'विश्वव्यापी स्याटेलाइट इन्टरनेट प्रदायकहरूसँग आधार प्रमाणीकरणको प्रयोगले भारतको डिजिटल पूर्वाधारको विश्वसनीयता लाई प्रदर्शित गर्दछ। सम्झौतामा पारदर्शिता र जवाफदेहीता सुनिश्चित गर्दै आधारले सेवा प्रवाहमा नवीनतालाई कसरी सक्षम बनाउन सक्छ भन्ने कुरा समावेश गरिएको मन्त्रालयले जनाएको छ।

**विदेश मंत्रालय-नेपाल**

विदेश मन्त्रालयले लिपुलेक हुँदै भारत र चीनबीचको सीमा व्यापार पुनः सञ्चालन गर्ने सम्बन्धमा नेपालको विदेश मन्त्रालयले दिएको टिप्पणीलाई गम्भीरतापूर्वक लिएको जनाएको छ। भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले सीमा विवादमा नेपालको टिप्पणीबारे सोधेको प्रश्नको जवाफ दिँदै यस्तो बताउनु भएको हो। यस सम्बन्धमा भारतको अडान निरन्तर र स्पष्ट रहेको उहाँले बताउनु भयो। भारत र चीनबीच सन् १९५४ मा लिपुलेक हुँदै सीमा व्यापार सुरु भएको थियो। श्री जयसवालले भन्नुभयो हालैका वर्षहरूमा यो व्यापार कोभिड र अन्य घटनाहरूको कारण अवरुद्ध भएको थियो र अब दुवै पक्ष यसलाई पुनः सुरु गर्न सहमत भएका छन्। 'क्षेत्रीय दाबीको सन्दर्भमा भारतको अडान के छ भने यस्ता दाबी न त न्यायोचित छन् न त ऐतिहासिक तथ्य र प्रमाणमा आधारित छन्। यसका साथमा उहाँले वार्ता र कूटनीतिका माध्यमबाट सीमा समस्या समाधानका लागि नेपालसँग रचनात्मक रुपमा संलग्न हुन भारत तयार रहेको बताउनु भयो।

**भारत र युरेशियन आर्थिक संघ**

भारत र युरेशियन आर्थिक संघ -EAEU ले स्वतन्त्र व्यापार सम्झौतामा वार्ता सुरु गर्न सन्दर्भ सर्तहरूमा हस्ताक्षर गरेका छन्। EAEU मा आर्मेनिया, बेलारुस, काजाकिस्तान, किर्गिस्तान गणराज्य र रूस समावेश छन्। वाणिज्य विभागका अतिरिक्त सचिव अजय भादु र युरेशियन आर्थिक आयोगको व्यापार नीति विभागका उपनिर्देशक मिखाइल चेरेकायेभले मस्कोमा सन्दर्भ सर्तहरूमा हस्ताक्षर गर्नुभएको छ। वाणिज्य तथा उद्योग मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ-प्रस्तावित स्वतन्त्र व्यापार सम्झौताले निर्यातलाई बढावा दिनेछ र सूक्ष्म, साना र मझौला उद्यमहरूलाई समर्थन मार्फत बजार पहुँच प्राप्त गर्न मद्दत गर्नेछ|

हस्ताक्षरको क्रममा, दुवै पक्षले उल्लेख गरे कि भारत-EAEU व्यापार २०२४ मा ६९ अर्ब पुग्नेछ, जुन २०२३ भन्दा सात प्रतिशत बढी हो। दुवै पक्षले सम्झौताको प्रारम्भिक कार्यान्वयन र व्यापार सहयोगको लागि स्थायी संस्थागत रूपरेखा सिर्जना गर्ने प्रतिबद्धता व्यक्त गरे।

**ईपीएफओ-पे-रोल डाटा**

कर्मचारी सञ्चय कोष संगठन (ईपीएफओ) मा यस वर्षको जुन महिनामा रिकार्ड 21 लाख 89 हजार सदस्यहरू सामेल भएका छन्। अप्रिल २०१८ मा पेरोल डाटा ट्र्याकिङ प्रणाली सुरु भएयता यो महिना ईपीएफओमा सामेल हुने सदस्यहरूको सबैभन्दा अधिक संख्या हो। श्रम तथा रोजगार मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यो महिना लगभग १० लाख ६२ हजार नयाँ सदस्य थपिएका छन्, जुन मे २०२५ को तुलनामा १२.६८ प्रतिशत र गत वर्षको जुनको तुलनामा ३.६१ प्रतिशतले

अधिक हो। मन्त्रालयका अनुसार १८ देखि २५ वर्ष उमेर समूहका करिब ६ लाख ३९ हजार नयाँ सदस्य थपिएका छन्। यसबाहेक कर्मचारी सञ्चय कोष संगठनमा ३ लाखभन्दा अधिक महिला सदस्य हरू सामेल भएका छन् जुन गत महिनाको तुलनामा लगभग १५ प्रतिशत अधिक हो।

**पुरुष एशिया कप**

हॉकी इंडियाले एसिया कपका लागि 18 सदस्यीय भारतीय पुरुष हक्की टिमको घोषणा भएको छ। प्रतियोगिता बिहारको राजगीरमा २९ अगस्टदेखि ७ सेप्टेम्बरसम्म सञ्चालन हुनेछ। पूल ए मा भारतसँगै जापान, चीन र कज़ाकिस्तान रहेका छन्। भारतीय टोलीले २९ अगस्टमा चीनसँग खेल्दै आफ्नो अभियानसुरु गर्नेछ। त्यसपछि भारतले ३१ अगस्टमा जापानसँग र १ सेप्टेम्बरमा कज़ाकिस्तानसँग खेल्नेछ। अनुभवी ड्रैग फ्लिकर हरमनप्रीत सिंहले टीमको नेतृत्व गर्नेछन। भारतीय टोलीका प्रशिक्षक क्रेग फुल्टनले आफ्नो अनुभव र तनावपूर्ण परिस्थितिमा राम्रो प्रदर्शन गर्ने क्षमताका आधारमा टोली छनोट गरिएको बताए।

**IMD-WEATHER**

मौसम विज्ञान विभागले गुजरातमा भारी वर्षाका लागि रेड अलर्टको चेतावनी जारी गरेको छ। मौसम विज्ञान विभागका अनुसार सौराष्ट्र र कच्छमा भारी देखि अति भारी वर्षाको सम्भावना रहेको छ। आगामी दुई देखि तीन दिनसम्म महाराष्ट्र र उत्तरपूर्वी भूभागका केही स्थानमा पनि भारी वर्षाको सम्भावना रहेको मौसम विभागले जनाएको छ भने बिहार, छत्तीसगढ, राजस्थान, झारखण्ड, मध्य प्रदेश, उडिसा, उत्तराखण्ड, कोंकण र गोवामा पनि भारी वर्षाको सम्भावना रहेको छ।